### कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल पौष २ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रममा एकमुष्ट रूपमा विनियोजित बजेट रू २,८०,००,०००/- (अक्षरूपी रू दुई करोड असी लाख मात्र) आयोजनामा बाँडफाँट गरी कार्यान्वयनका लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| २. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | बड्डीचौर-बिउरेनी-बाबियाचौर-विद्यापुर सडक खण्ड (१३.१ कि.मि) लाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्न राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड,२०७९को दफा ४ (ग) बमोजिम राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने । |
| ३. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०८१" स्वीकृत गर्ने |
| ४. | उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय | १. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशको मिति २०८१/०४/१७ गते नेपाल सरकार अर्थ मन्त्रालयमा पठाएको आठ बुँदे राय सहमतिलाई Project Agreement समावेश गर्ने गरी Climate Resilient Landscapes and Livelihood परियोजना सम्झौता (Project Agreement) स्वीकृत गर्ने।<br>२. परियोजना सम्झौता पत्रमा हस्ताक्षर गर्न कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री दीर्घनारायण कोइरालालाइ अख्तयारी प्रदान गर्ने सम्बन्धी माननीय मुख्यमन्त्रीस्तरको मिति २०८१/०७/२१ गते भएको निर्णय अनुमोदन गर्ने । |
| ५. | सामाजिक विकास मन्त्रालय | "प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति (गठन, सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" स्वीकृत गर्ने। |
| ६. | सामाजिक विकास मन्त्रालय | अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०८१" स्वीकृत गर्ने। |
| ७. | सामाजिक विकास मन्त्रालय | सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |

### कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल पौष १९ गते शुक्रबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशको विकास र समृद्धिको लागि कर्णाली प्रदेश सरकार र लुम्बिनी प्रदेश सरकार बीच मिति २०८१/०९/१२ मा भएको १९ बुँदे साझा प्रतिबद्धता अनुमोदन गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको पाँचौ अधिवेशन मिति २०८१/१०/०७ गते सोमबार दिनको १:०० बजे आह्वान गर्न माननीय |

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| | | प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" कर्णाली प्रदेश सभामा पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई स्वीकृति प्रदान गर्ने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश आमसञ्चार व्यवस्थापन सम्बन्धमा व्यवस्था गरेको विधेयकको तर्जुमाका लागि तयार गरिएको सैद्धान्तिक स्वीकृतिको अवधारणापत्रलाई स्वीकृत गर्ने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बाल सुधार गृहको स्थापना तथा सञ्चालनको लागि नेपाल सरकार, महिला तथा जेष्ठ नागरिक मन्त्रालयमा अनुरोध गर्न स्वीकृति प्रदान गर्ने। |
| ६. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश सरकार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रशासन तथा विधेयक समितिबाट प्राप्त परिमार्जन सहितको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ८. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश दोस्रो आवधिक योजनाको मस्यौदा स्वीकृत गर्ने। |
| ९. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ को मस्यौदा स्वीकृत गर्ने। |
| १०. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश जलचर संरक्षण विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ११. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश जीवनाशक विषादी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| १२. | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | जगदुल्ला-ए अर्ध जलाशयुक्त जलविद्युत आयोजना १२० मेगावाटको लागि शेयर लगानी गर्न स्वीकृत प्रदान गर्ने। |
| १३. | सामाजिक विकास मन्त्रालय | "एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गर्ने। |
| १४. | सामाजिक विकास मन्त्रालय | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धी विधेयक तर्जुमा गर्न सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| १५. | सामाजिक विकास मन्त्रालय | महिला उद्यमी पुरस्कार वितरण कार्यविधि,२०८१" स्वीकृत गर्ने |
| १६. | सामाजिक विकास मन्त्रालय | "मुख्यमन्त्री डिजिटल शिक्षा र नमुना विद्यालय कार्यक्रम कार्यविधि, २०८१" स्वीकृत गर्ने। |
| १७. | सामाजिक विकास मन्त्रालय | "विद्यालय पूर्वाधार विस्तार सुधार कार्यक्रम कार्यविधि, २०८१" स्वीकृत गर्ने। |
| १८. | सामाजिक विकास मन्त्रालय | "वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१" स्वीकृत गर्ने। |